# भीमेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चरिकोट, दोलखा
बागमती प्रदेश,
नेपाल ।

पत्र संख्या :- ०८२।८३
चलानी नं. :- ३२८५

मिति :- २०८३/०३/२८

विषयः-सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धमा ।

श्री सबै वडा कार्यालय,
भीमेश्वर नगरपालिका ।

प्रस्तुत विषयमा समाजिक सुरक्षा नियमवली २०७६ को (तेस्रो संशोधन ) नियम (९) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आ.व. २०८३/०८४ को लागि २०८३ श्रावण १ गते देखि असोज मसान्त भित्रमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नुपर्ने व्यवस्था भए बमोजिम राष्ट्रिय परिचयपत्रमा आधारित -Biometric Device-Finger print/Iris Device) मार्फत नविकरण हुने हुँदा स्वयम वडा कार्यालयमा उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउनुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ। सामाजिक सुरक्षा विवरण कार्यविधि,२०७७ को दफा (४) को उपदफा (६) बमोजिम म्यादभित्र नविकरण नभएका लाभग्राहीहरुको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट एकमुष्ट लगत कट्टा गरिने र लगत कट्टा भएको व्यक्तिले पुन: लाभग्राहीमा सूचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेको हुँदा सम्बन्धित सबैमा नविकरण गराउनुहुन सूचित गरिन्छ।

आवश्यक कागजातहरु

- अनुसूचि-२ बमोजिमको निवकरण निवेदन
- लाभग्राहीको नागरिकता प्रमाणपत्रको छायाँ प्रति,
- सामाजिक सुरक्षा भत्ता परिचयपत्रको छायाँ प्रति,
- राष्ट्रिय परिचयपत्र नम्बर वा राष्ट्रिय परिचयपत्र आवेदन नम्बर ,
- बैंक खाता विवरण
- बालबालिकाको हकमा जन्मदर्ता तथा संरक्षकको नागरिकताको छायाँ प्रति,
- अपाङ्गताको हकमा नगरपालिकाबाट जारी भएको परिचयपत्र तथा संरक्षकको नागरिकताको छायाँ प्रति,
- ६० वर्ष उमेर पुगेको दलित जेष्ठ नागरिक, एकल महिलाको हकमा वडा कार्यालयबाट जारी भएको अर्को विवाह नगरेको प्रमाणपत्र सिफारिस,
- विधवा महिलाको हकमा पतिको मृत्यू दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाणपत्र सिफारिस,

नोटस: बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने ,अशक्त, असाहाय वा ९० वर्ष माथिका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए पनि सामाजिक सुरक्षा भत्ता परिचयपत्र सूचिकरण वा नविकरण गरिन्छ।

पुनश्च:तोकिएको समयमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण तथा राष्ट्रिय परिचयपत्र नम्बर सहित (Biometric Device-Finger print/Iris Device) नगराएमा सामाजिक सुरक्षा भत्ता उपलब्ध नहुने र सो को जिम्मेवारी स्वयम लाभग्राही हुने व्यहोरा अनुरोध छ।

..............................
विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत


ईमेल : info@bhimeshwormun.gov.np वेवसाइट: www.bhimeshwormun.gov.np फोन नं. ०४९-४२११००, ४२१४९१

नेपाल सरकार

# महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

प.सं.: /सं.सं.स /०८२/८३

च.नं.: ६६०

मिति २०८३/०३/३१

नेपाल सम्वत्:११४६

श्री स्थानीय तह सबै।

विषय : सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको सुचिकरण तथा नविकरण सम्बन्धमा ।

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुको सामजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली,२०८२ को नियम (९) बमोजिम असोज मसान्तभित्र सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्नु गराउनुहुन ।

२. सबै लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा (अस्थायी बसोबास रहेको वडा कार्यालयमा समेत- Biometric गरिसकेको अवस्थामा) स्वयम् उपस्थित भई जैविक पहिचानका आधारमा नविकरण गरी २०८४ असार मसान्त सम्मको सामाजिक सुरक्षा भत्ता प्राप्ति सुनिश्चित गर्नु गराउनुहुन ।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण गर्दा राष्ट्रिय परिचय नम्बरका आधारमा जैविक पहिचान (Biometric Device-Finger Print/Iris Device) मार्फत गर्नु गराउनुहुन ।

४. सामाजिक सुरक्षा भत्ता नविकरण गर्ने समय असोज मसान्त सम्म रहेको हुँदा वडा कार्यालयमा भिडभाड कम गरी नविकरण कार्य व्यवस्थित गर्न वडा कार्यालय मार्फत आवश्यक सहजीकरण गर्नुहुन ।

(नोटः १. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा ५ बमोजिम सोह वर्ष उमेर पूरा नभएको वालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र नब्बे वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई लाभग्राहीमा सूचिकृत हुन राष्ट्रिय परिचय नम्बर अनिवार्य हुने छैन।

२. यस उप्रान्त सामाजिक सुरक्षा सम्बन्धमा पत्राचार, सम्पर्क गर्दा यस मन्त्रालयको इमेल socialsecurity@mowcgss.gov.np, फोनं. नं. ०१-४२००२७५ मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ।)

..................

(सुशिला पौडेल)

शाखा अधिकृत

दर्ता नं ..... ३२४५

मितिः ..... २०८२/३/३२

हस्ताक्षरः ......